बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्या :- २०८२/०८३
चलानी नं. :-

मितिः २०८२।०७।२७

विषयः विज्ञ सूचीमा सुचिकृत सम्बन्धमा।

प्रस्तुत विषयमा यस गाउँपालिका स्थित सामुदायिक विद्यालयहरुमा विभिन्न तहमा रिक्त हुने सबै प्रकारका शिक्षक पदमा करार शिक्षक छनौट गर्ने एवम् शिक्षक बैंक निर्माण गर्ने प्रयोजनार्थ तोकिएका योग्यता पुगेका दाङ जिल्लामा अवस्थित सामुदायिक विद्यालयहरुमध्येबाट कार्यरत शिक्षकहरुको विषय विज्ञमा सूचिकृत गर्नुपर्ने भएकोले ३ दिन थप गरी सूचना प्रकाशित भएको मितिले कार्तिक ३० गते भित्र विषय विज्ञ स्थायी नियुक्ति पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नागरिकता प्रमाण-पत्रको प्रतिलिपि सहितका कागजात शिक्षा शाखामा निवेदन सहित पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. आधारभूत तह कक्षा (१-५)

आधारभूत तह कक्षा (१- ५) अन्तर्गत करार शिक्षक छनौट विज्ञको लागि सम्बन्धित तहमा स्थायी नियुक्ति लिई कम्तिमा ५ वर्ष सेवा गरेका तथा वि.एड. वा सो सरहको शैक्षिक योग्यता पुगेका आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहका शिक्षकहरु समेत,

२. आधारभूत तह कक्षा (६-८) का लागि

आधारभूत तह कक्षा (६-८) अन्तर्गतको करार शिक्षक छनौट विज्ञको लागि सम्बन्धित तह र विषयमा स्थायी नियुक्ति लिई कम्तिमा ५ वर्ष स्थायी सेवा गरेका तथा सम्बन्धित विषयमा कम्तिमा शिक्षा शास्त्र संकायमा स्नातक वा सो सरहको शैक्षिक योग्यता भई १ वर्षे वि.एड गरेका

३. माध्यमिक तह कक्षा (९- १०) का लागि

माध्यमिक तह कक्षा (९-१०) अन्तर्गतका करार शिक्षक छनौट विज्ञको लागि सम्बन्धित तह र विषयमा स्थायी नियुक्ति भई कम्तिमा ५ वर्ष स्थायी सेवा गरेका तथा सम्न्धित विषयमा विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी एक वर्षे वि.एड गरेका शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेका सम्बन्धित तहमा नियुक्तिलिई १० वर्षको सेवा अवधि भएका स्नातक तह उत्तीर्ण गरेका।

४. माध्यमिक तह कक्षा (११-१२) का लागि

जोखिम वली
प्रमुख प्रशासकीय अधिकृत

माध्यमिक तह कक्षा (११-१२ मा शिक्षक छनौट गर्ने प्रयोजनको लागि सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण तथा कम्तिमा ३ वर्ष अनुदान दरबन्दीमा कक्षा ( ११-१२)मा रही कार्यरत करार शिक्षकले निवेदन दिन सक्ने।

५. माध्यमिक तह कक्षा (९-१२)मा प्राविधिक धार तर्फको करार शिक्षक छनौटका लागि सम्बन्धित तह र विषयमा स्नातकोत्तर तह उत्तीर्ण तथा कम्तिमा ३ वर्ष अनुदान दरबन्दिमा कार्यरत रही करार सहायक प्रशिक्षक, प्रशिक्षक र वरिष्ठ प्रशिक्षकले निवेदन दिन सक्नेछन् ।

६. दरखास्त दस्तुर रु १०००।-(अक्षरुपि एक हजार मात्र ) रावश्वको भौचरको रसिद पेश गर्नुपर्ने।

७. थप जानकारिको लागि शिक्षा शाखामा सम्पर्क गर्नहुन।

२०८१/०८/२६

जोखिम वली
(प्रमुख प्रशासकीय अधिकृत

जोखिम वली
प्रमुख प्रशासकीय अधिकृत